सुनछहरी गाउँपालिका

# कृषक समूह  गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७७

सुनछहरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पोवाङ,रोल्पा

५ नं प्रदेश नेपाल

स्वीकृत मिति-२०७७/०४/२६

# सुनछहरी गाउँपालिका, पोबाङ, रोल्पा
# कृषक समूह  गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७७

गाउँकार्यापालिका वैठकवाट स्विकृत मितिः २०७७।०४।२६

**प्रस्तावनाः**

परम्परागत कृषि/पशुपंक्षी तथा मत्स्यपालन प्रणालीलाई विकसित गरी बैज्ञानिक प्रविधि अबलम्बन गर्दै कृषि/पशुपंक्षी तथा मत्स्यपालन पेशालाई विविधिकरण, व्यवसायीकरण मार्फत औधोगिकरणको निमित्त कृषकलाई नयाँ प्रविधि तर्फ आकर्षित र उत्प्रेरित गरी कृषि/पशुपंक्षी तथा मत्स्यपालन प्रविधिलाई सरल र सहज रूपमा कृषक माझ पुर्याइ कृषकहरूको वैयक्तिक तथा संस्थागत विकासका लागि कृषक समूह गठन परिचालन र नियमन गर्ने स्थानीय सरकार संचालन ऐन  २०७४ दफा ११ को उपदफा २ को खण्ड द (५) बमोजिम कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७७ तयार गरी लागु गरिएको छ।

**परिच्छेद –१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि गाउकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "समूह" भन्नाले व्यवसायिक कृषि/पशुपंक्षी तथा मत्स्यपालन प्रणाली अवलम्बन गर्ने उद्देश्यका लागि गठन भएका न्युनतम ७ जना  वा अधिकतम ३० जनासम्मको कृषकहरूको समुहलाइ जनाउनेछ

(२) "कृषक" भन्नाले सुनछहरी गाउपालिका क्षेत्र भित्र रहेका कृषि/पशुपंक्षी तथा मत्स्यपालन उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तिलाई सम्झनु पर्दछ।

(३) "गाउपालिका" भन्नाले सुनछहरी गाउपालिकालाई जनाउने छ।

(४) "गाउकार्यपालिका" भन्नाले सुनछहरी गाउ कार्यपालिकालाइ जनाउने छ।

(५) "कार्यालय" भन्नाले सुनछहरी गाउ कार्यपालिकाको कार्यालयलाई जनाउने छ।

(६) "शाखा" भन्नाले सुनछहरी गाउ कार्यपालिकाबाट संचालन हुने कृषि/पशुपंक्षी तथा मत्स्यपालन सेवा संचालन र सम्पादन गर्ने कार्यालयलाई जनाउने छ।

(७) "सेवा केन्द्र" भन्नाले सुनछहरी गाउ कार्यपालिकाबाट संचालन हने कृषि/पशु सेवा शाखा अन्तरगत वडास्तरमा संचालित कृषि/पशु सेवा प्रसार गर्ने कार्यालयलाई/इकाइ समेतलाइ जनाउने छ।

(८) "कार्यालय प्रमुख" भन्नाले गाउ" पालिका, प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

(९) " शाख्रा प्रमुख" भन्नाले सुनछहरी गाउ" पालिकाको कृषि/पशु सेवा शाख्रा प्रमुखलाई जनाउने छ।

(१०) " सेवा केन्द्र प्रमुख" भन्नाले सुनछहरी गाउ" पालिकाको कृषि/पशु सेवा शाखा अन्तरगत रहेका वडास्तरका सेवा केन्द्र/इकाइ प्रमुखलाई जनाउने छ।

(११) "अध्यक्ष" भन्नाले यसै कार्यविधि बमोजिम गठित समूहको अध्यक्षलाई जनाउने छ।

(१२) "उपाध्यक्ष" भन्नाले यसै कार्यविधि बमोजिम गठित समूहको उपाध्यक्षलाई जनाउने छ।

१३ "सचिव" भन्नाले यसै कार्यविधि बमोजिम गठित समूहको सचिवलाई जनाउने छ।

१४ "सदस्य" भन्नाले यसै कार्यविधि बमोजिम गठित समूहको सदस्यलाई जनाउने छ।

१५ “कृषि व्यवसाय” भन्नाले विभिन्न जातका अन्न बाली/दलहन बाली/तेलहन बाली/तरकारी बाली/फलफुल बाली/नगदे बाली/आलु बाली/मसला बाली/मौरीपालन/च्याउ खेति/रेशम खेति/उखु खेति आदिको सामुहिक तथा व्यक्तिगत रुपमा गरिने व्यवसायिक कार्यलाइ लाई जनाउने छ ।

१६ “पशुपालन व्यवसाय” भन्नाले विभिन्न जातका गाइ/भैंसी/भेडा/बाख्रा/बंगुरपालन आदिको सामुहिक तथा व्यक्तिगत रुपमा गरिने व्यवसायिक कार्य “पंक्षीपालन व्यवसाय” भन्नाले विभिन्न जातका मासु तथा अण्डाका लागि ब्रोइलर/लेयर्स्/स्थानिय कुखुरापालन र हांसपालन आदिको सामुहिक तथा व्यक्तिगत रुपमा गरिने व्यवसायिक कार्य तथा “मत्स्यपालत व्यवसाय” भन्नाले विभिन्न जातका माछापालन आदिको सामुहिक तथा व्यक्तिगत रुपमा गरिने व्यवसायिक कार्यलाइ लाई समेत जनाउने छ ।

## परिच्छेद - २

### कृषक समुह गठनको उद्देश्यः

३. विभिन्न कृषि/पशुपंक्षी तथा मत्स्यपालन सम्बन्धी कार्यहरूको सम्पादनका लागि कृषकहरूका माझ गरिने उन्नत कृषि/पशुपंक्षी तथा मत्स्यपालन प्रबिधि प्रचार प्रसार कार्यलाई सहज तुल्याउन कृषकहरूको कृषि/पशुपंक्षी तथा मत्स्यपालन सम्बन्धी निर्णय क्षमता नेतृत्व विकास गर्न, कृषक बचत मार्फत सामुदायिक विकास र सामुदायिक पुँजीको विकास लगायतका कार्यहरुमा सेवा प्रवाहका लागि कृषक समूह सजिलो र दिगो माध्यम भएकोले स्थानीय स्तरमा कृषक समूह गठन गर्न आवश्यक रहेको छ । यस कार्यविधि बमोजिम गठन हुने समूहको उद्देश्य निम्नानुसार छन् ।

१. समूह सदस्यहरूको बसोबास भएको भौगोलिक गाउँ टोल क्षेत्रको जलवायु सुहाउँदो बालीनाली,पशु पंक्षी तथा मत्स्यपालनहरुमा व्यवसायीकरण र बिबिधिकरणका नयाँ प्रविधि अपनाउँदै उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।

२. समूहमा उन्नत पशुपंक्षी,मत्स्य विकास,बीउबिजन तथा रासायनिक मल लगायतका कृषि उत्पादन सामग्रीहरूको व्यवस्थापन गर्नु ।

३. खेतीयोग्य जमिनमा तथा चरनघाँस/डालेघाँस खेतिमा सिचाईको व्यवस्थापन गर्नु ।

४. प्राङ्गारिक उत्पादनमा जोड दिनु ।

५. कृषि सामग्री तथा कृषि/पशुपंक्षी तथा मत्स्यपालन उपजहरूको बजारीकरण जस्ता कार्यहरु गर्नु ।

६. कृषि/पशुपंक्षी तथा मत्स्यपालन उत्पादन प्रबर्द्धन, प्रशोधन तथा बजारीकरण जस्ता कार्यहरु गर्नु ।

७. भकारो सुधार गर्नु ।

८. मौरीपालन र च्याउ खेति गर्नु ।

९. बेमौसमी तथा मौसमी तरकारीहरुको उत्पादन र बजारीकरण गर्नु ।
नयाँ-नयाँ ग्रामीण कृषि/पशुपंक्षी तथा मत्स्यपालन प्रविधिको परीक्षण र अबलम्बन गर्नु ।

१०.सरकारी तथा गैरसरकारी एवं समुदायमा आधारित निकायहरुसँगको साझेदारी र सहकार्यमा कृषि /पशुपंक्षी तथा मत्स्य विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गर्नु ।

११. तरकारी/बहु वर्षिय घाँस/डालेघाँसका नर्सरीहरु उत्पादन गर्नु

१२.जैविक विविधता संरक्षण संवर्द्धन र विकास गर्नु ।

१३. कृषि वन वातावरण संरक्षण संवर्द्धन र विकासका सबै कार्यक्रमहरु संचालन गर्नु ।

१४. मासिक बचत र ऋण परिचालन गर्नु ।

१५. समूहले तोके बमोजिमका कृषि/पशुपंक्षी तथा मत्स्य विकास सम्बन्धी अन्य विविध कार्यहरु गर्नु ।

## परिच्छेद - ३
## कृषक समूह गठन तथा समूह दर्ता

**४. समूहमा कृषक संख्याः** एकै जातको पशुपंक्षी तथा मत्स्यपालनमा समेट्न सकिने पशुपंक्षी तथा मत्स्यपालनकर्ता र खेतियोग्य जग्गाको एउटै ब्लक बनाउन सकिने गरी जग्गाको भोगचलन कर्ताहरु वा एकै उद्देश्यका साथ सामुहिक सहयोगमा एक घरधुरीबाट एक जना मात्र सदस्य रहने गरी कृषक समूह गठन गर्न सक्नेछन् ।

**५. कार्यालयबाट सहजीकरणः** उन्नत कृषि/पशुपंक्षी तथा मत्स्यपालन प्रणाली अपनाउनका लागि समूह गठन गरी कृषि/पशुपंक्षी तथा मत्स्यपालन प्रसार कार्यक्रममा सहभागी हुन कृषकहरुबाट अनुरोध भएमा सम्बन्धित प्राविधिकले कृषि/पशुपंक्षी तथा मत्स्यपालन समूह गठन तथा परिचालन गर्ने कार्यमा सहजीकरण गर्ने छन् ।

**६. स्टेशनरी सहयोगः** समूह गठन गर्नका लागि कार्यालयले समूह बैठकको लागि रजिस्टर कलम, फाइलहरू लगायत केही स्टेशनरी खर्चका लागि गाउँपालिकाको बजेट उपलब्ध भए सम्म सहयोग गर्न सक्नेछ ।

**७. समूह दर्ताका लागि निवेदन दिनुपर्नेः** समूहबाट तयार गरिएको २ प्रति विधानको सबै पानामा समूहका सबै सदस्यहरूबाट प्रमाणित गरि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूची- १ बमोजिम निवेदन दिनुपर्नेछ । यस अघि जिल्ला कृषि विकास/पशु सेवा कार्यालय वा अन्य कुनै संघ/संस्थाहरुमा दर्ता भएका समूहको हकमा पुराना प्रमाणपत्रहरु तथा प्रगति देखिने अन्य कागजातहरु समेत संलग्न राख्नुपर्नेछ ।

**८. समूहको आफ्नो विधान लोगो र छाप हुनु पर्नेः** समूहको विधानको साथमा समूह बैठकको निर्णय, समूह दर्ताको लागि कार्यालयलाई लेखिएको पत्र र अनुसूची – २ बमोजिमको सदस्य कृषकहरूको विवरण राख्नु पर्ने छ । समूहले आफ्नो विधान तयार गर्नका लागि मस्यौदा विधान कार्यालयबाट प्राप्त गर्न सक्नेछन् । उक्त मस्यौदा विधानलाई आफ्नो भैगोलिकता उदेश्य अनुकुल परिमार्जन गर्न सकिनेछ । समूहको आफ्नै लोगो र छाप हुने छ ।

**९. सर्व सम्मत र सहमति समूह निर्णयको आधारः** समूह गठन गर्दा समूहमा रहने विभिन्न पदाधिकारी सर्व सम्मतबाट चयन हुनेछन् । कुनै किसिमले सर्वसम्मत हुन नसकेमा प्रचलित व्यवस्था बमोजिम निर्वाचन द्वारा सदस्यहरुबाट पदाधिकारीहरु चयन गरिने छन् । यसरी गरिने निर्वाचनमा समूहको अनुरोधमा गाउँपालिकाबाट सहजीकरण हुन सक्नेछ ।

**१०. समूह दर्तामा दस्तुरः** उपरोक्त बमोजिम दर्ता हुन आएको निवेदन उपर कार्यालय/सम्बन्धित शाखाले प्राप्त निवेदन उपर आवश्यक प्रक्रिया पूरा गरी समूह दर्ता गर्नु पर्छ भन्ने लागेमा रु. ५००। पांच सय को राजश्व शुल्क लिई सम्बन्धित कृषि/पशु सेवा शाखामा कृषक समूह दर्ता गरी कृषक समूह दर्ता प्रमाणपत्र उपलब्ध गराउने छ ।

**११. समूह दर्ता रजिष्टर र दर्ता प्रमाण पत्रः** कार्यालय/कृषि/पशु सेवा शाखाको निर्णय अनुसार दर्ता गरिने समूहलाई अनुसूचि ५ बमोजिम दर्ता रजिष्टर खडा गरी दर्ता भएपछि सो समूह कार्यालय/कृषि/पशु सेवा शाखामा अभिलेखीकरण भएको मानिनेछ र अनुसुचि ६ अनुसारको समुह दर्ता प्रमाणपत्र दिइनेछ । समूह दर्ता भएपछि यस्ता समुहहरुले संघ/प्रदेश/गाउँपालिकाबाट सञ्चालन गरिने कृषि/पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रममा सहभागी/साझेदारी/सहकार्य गर्नेछन्

**१२. समूह नवीकरणः** समूह गठन र दर्ता उपरान्त प्रत्येक २ आर्थिक वर्ष पूरा भइसके पछि नवीकरण गर्नु पर्नेछ । कृषक समूह नविकरणको लागि कृषक समूहले प्राप्त गरेको कृषक समूह दर्ता प्रमाणपत्र सहितको निवेदन सम्बन्धित वडामा संचालित सेवा केन्द्र/इकाइ मार्फत वा कृषि/पशुपंक्षी तथा मत्स्य विकास शाखामा सोझै म्याद सकिएको ३५ दिनभित्र पेश गर्नुपर्नेछ । नवीकरणको लागि रू २५०। को राजश्व लिई नविकरण गरिनेछ । म्याद सकिएको ३६ औं दिनदेखि एक वर्षसम्म रु. १००। बढी राजश्व शुल्क लिई नविकरण गरिनेछ ।

## परिच्छेद - ४
## कृषक समूह परिचालन

**१३. मासिक बैठक बस्नुपर्नेः** समूह गठन पश्चात कृषकहरु कृषि/पशुपंक्षी तथा मत्स्य विकास कार्यहरूका बारेमा छलफल गर्ने, नियमित रुपमा महिनामा एकपटक समूह बैठक अनिवार्य रुपमा बस्नुपर्ने छ । समूहको आवश्यकता र अनुकुलता अनुसार जुनसुकै बेला पनि समूहको बैठक बस्नेछ ।

**१४. समूह बचत र परिचालनः** समुह बैठकको निर्णय अनुसार मासिक बैठकमा सदस्यहरुले मासिक बचत समेत जम्मा गर्नेछन् । समूह बचत कोषबाट कृषि/पशुपंक्षी तथा मत्स्यपालन प्रयोजनका लागि तोकिए बमोजिमको ब्याजदरमा सदस्यहरुले ऋण लिन पाउने छन् ।

**१५. समूहको बैंक खाता संचालनः** नजिकको पायक पर्ने बैंकमा बैंक खाता खोलिनेछ, जसमा अध्यक्ष र कोषाध्यक्ष अनिवार्य तथा समूहको निर्णय अनुसार समुहले आवश्यक ठानेको अवस्थामा कम्तीमा अन्य १ जना सदस्य समेतको संयुक्त दस्तखतमा खाता सञ्चालन हुनेछ ।

**१६. कुखुरा/बाख्रा बृद्धि विकास पात्रो /बाली पात्रो कार्ययोजना तयार गर्नेः** समूहमा सदस्यहरुले प्राविधिकको सहयोगमा **कुखुरा/बाख्रा बृद्धि विकास पात्रो** /बाली पात्रोको लागि आवधिक (मासिक, चौमासिक, वार्षिक) कार्ययोजना तयार गर्नेछन् ।

**१७. समूहको निर्णय समूह पद्धतिमा गरिनु पर्नेः** समूहमा आइपर्ने प्राविधिक समस्याहरु सम्बन्धी प्राबिधिकको सहयोगमा निवारण गर्नेछन् । समूहमा आइपर्ने अन्य समस्याहरू समूहको निर्णय अनुसार समाधान गरिनु पर्नेछ । सो हुन नसकेमा प्रचलित व्यवस्था अनुसार हुनेछ । समूहको अनुरोधमा कार्यालय/कृषि/पशु सेवा शाखाबाट सहजीकरण गर्न सकिनेछ ।

**१८. समूहको रेकर्डः** समूहले आफ्नो रेकर्ड अद्यावधिक गरी राख्नु पर्नेछ साथै प्रत्येक बैठकको माइन्युट उठाइ हरेक निर्णयहरुको रेकर्ड राख्नु पर्नेछ ।

**१९. पशुपंक्षी/माछापालन/खेती खर्चको विवरण राख्नुपर्नेः** समूहका प्रत्येक सदस्यहरुले आफुले पालन गरेको पशुपंक्षी र माछापालन बाट प्राप्त भएको दुध अण्डा र मासुको उत्पादन लगाएको बालीको उत्पादन, भण्डारण, ढुवानी, बजारीकरण, लगायतका सबै कार्यहरुको लागत खर्चको विवरण राख्नुपर्नेछ साथै गाउँपालिकाबाट माग भएको अवस्थामा उपलब्ध गराउनुपर्नेछ ।

२०. **प्रगति प्रतिवेदन र समीक्षाः** समूहले प्रत्येक महिना मासिक बैठकमा गरिएका निर्णयहरूको कार्यान्वयन अवस्था, प्राप्त भएको उपलब्धि र प्रगतिहरु, परिआएका समस्याहरु, समस्या समाधान गर्नका लागि गरिएका प्रयासहरु, र सोको प्रतिफल, पशुपंक्षी तथा मत्स्यपालनको अवस्था उक्त पालन बाट दुध अण्डा माछा मासुउत्पादनमा भएको खर्च र उत्पादन पश्चात बेच विक्री गरी हुन आएको आम्दानी बालीनालीको अवस्था, बाली लगाउँदा भएको खर्च र बाली कटानी उपरान्त बिक्री गरी भएको आम्दानी आदि कार्यहरूको चौमासिक समीक्षा गर्नुपर्ने छ ।

२१. **समूहमा मेलमिलाप हुनुपर्नेः** सदस्यहरुले समूहका आपसमा मेलमिलापको भावना कायम राख्नु पर्नेछ । यस समूहका बैठकहरुमा समूहका सदस्यहरुले निजी वैयक्तिक विषय उपर छलफल गर्दा उपयुक्त हुन्छ भन्ने समूहलाई लागेमा यस्ता विषयहरु उपर समेत छलफल गरी सामाजिक सद्भाव, सहकार्य साझेदारिता वृद्धिमा योगदान गर्न सक्नेछन् ।

२२. **व्यवसाय दर्ता गर्नुपर्नेः** कृषि/पशुपंक्षी तथा मत्स्यपालन कार्यलाई व्यवसायमूलक रुपान्तरणका लागि समूह गठन गरिने भएकोले समूहका सदस्यहरु मिलेर समूहगत रुपमा सञ्चालन गर्ने कृषि/पशुपंक्षी तथा मत्स्यपालन व्यवसाय गाउँपालिकामा दर्ता गर्नुपर्नेछ ।

२३. **गाउँपालिकाको कार्यक्रममा सरिक हुनुपर्नेः** कृषक समूह गाउँपालिकाबाट सञ्चालन हुने कुनैपनि किसिमका कृषि/पशुपंक्षी तथा मत्स्यपालन वा गैर कृषि कार्यक्रमहरूलाई सफल पार्न सहयोग गर्नु पर्नेछ ।

२४. **अन्यलाइ पनि ज्ञान बुझाउनुपर्नेः** समूह गठन र कृषि/पशुपंक्षी तथा मत्स्यपालन प्रबिधि अभ्यासको क्रममा पाएको र आफूमा भएको ज्ञान सो सम्बन्धी अभिरुची राख्ने अन्यलाइ पनि बुझाउनु पर्नेछ । समूहले कृषि/पशुपंक्षी तथा मत्स्यपालन प्राविधिक र अन्य कृषकहरूको बिचमा सहजीकरणको कार्य पनि गर्न सक्नेछन् ।

## परिच्छेद – ५
## कृषक समूहको नियमन र पारदर्शिता

२५. **वार्षिक लेखा परिक्षण र सार्वजनिक सुनुवाईः** समूहले वार्षिक रुपमा नियमानुसार लेखापरीक्षण गराउनु पर्नेछ । त्यस्तै वर्षको एकपटक सार्बजनिक सुनाई पनि सञ्चालन गर्नुपर्नेछ ।

२६. **वार्षिक साधारणसभाः** समूह गठन भई दर्ता भएको ३ महिना भित्र र प्रत्येक आर्थिक वर्षको पहिलो ३ महिना भित्रमा समूहले साधारणसभाको आयोजना गर्नुपर्नेछ । साधारणसभामा बार्षिक कार्यक्रमको प्रगति, समीक्षा, वार्षिक आयको विवरण, आउँदो वर्षको कार्यक्रमहरूको तर्जुमा लगायत नियमानुसार सम्पादन गर्नुपर्ने कार्यहरु समेत पारित गर्नुपर्नेछ । यसको १ प्रति कार्यालय/कृषि/पशु सेवा शाखामा प्रतिवेदन उपलब्ध गराउनुपर्नेछ ।

**२७. अधिवेशन र विशेष अधिवेशनः** समूहको सर्वोच्च अङ्ग समूहको अधिवेशन हुनेछ । अधिवेशन गर्ने अवधि समुहको विधान बमोजिम निर्धारण हुनेछ । विधानमा विशेष अधिवेशन व्यवस्था समेत गर्न सक्नेछ ।

**२८. समूहको अनुगमनः** यस गाउँपालिकाको अनुगमन व्यवस्था बमोजिम गाउँपालिकाबाट एवं गाउँपालिका संगको समन्वयमा नेपाल सरकारका सवै निकायहरुले कृषक समूहका क्रियाकलाप एवं समूहका कागजातहरूको अध्ययन, अवलोकन र अनुगमन गरी पृष्ठपोषण प्राप्त गर्न सक्नेछन् । प्राप्त पृष्ठपोषण हरु उपर समूह बैठकमा छलफल गरी निर्णय गर्नुपर्नेछ ।

## परिच्छेद – ६
## विविध

**२९. समूह निष्कृयको अवस्थाः** लगातार ३ महिनासम्म मासिक बैठक नबसेमा, समूहले कृषि/पशुपंक्षी तथा मत्स्य विकास प्रसार कार्यमा अभिरुचि नराखेमा, अन्य विभिन्न कारणहरुले समूह निष्कृय भएको गुनासो प्रमाणित भएमा समुह निष्क्रिय भएको मानिनेछ ।

**३०. समूह विघटन हुन सक्नेः** पटक पटक समुहको विधान विपरित कार्य गरेको प्रमाणित भएमा, सरकारी जायजेथा हिनामिना वा दुरूपयोग गरेमा, निष्कृय भएमा, समूहको निर्णय अनुसार समूह बिघटन गरिएमा, प्रचलित नियम विपरित कार्यहरु गरेमा स्थानीय टोल विकास संस्था समेत वडा कार्यालयको सिफारिसमा कृषि/पशु सेवा शाखा/ तथा वडामा संचालित सेवा केन्द्र/इकाइबाट छानबिन गरी समूह विघटन गर्न उचित देखिएमा विघटन गरिनेछ । तर समूह सदस्यहरुबाट जम्मा भएको बचत रकम समूहको अभिलेखको आधारमा सावा ब्याज बितरण गरिने छ । अन्य सम्पुर्ण चलअचल सम्पत्ति गाउपालिकामा सुम्पिनु पर्नेछ ।

**३१. संशोधनः** आवश्यकता र औचित्यताको आधारमा गाउँकार्यपालिकाको निर्णय अनुसार कार्यविधि संशोधन गर्न सकिनेछ ।

**३२. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि सम्बन्धी कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**३३. खारेजी र बचाउः** यस कार्यविधि हुनु भन्दा अघि भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ। यस कार्यविधिमा उल्लेखित कुराहरु प्रचलित कानून बमोजिम बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

## अनुसुची – १
### (कार्यविधिको बुँदा नं. ४ बमोजिम समूह गठनका लागि कार्यालयमा दिइने निवेदन)

श्री मान् शाखा प्रमुख ज्यु
सुनछहरी गाउँपालिकाको कार्यालय, कृषि/पशु सेवा शाखा
पोबाङ, रोल्पा ।                                                            मितिः

विषयः समूह दर्ता गरिपाउँ ।

हामी सुनछहरी गाउपालिका अन्तरगत वडा नं........ का कृषकहरु संगठित भइ .................. पालन/बाली/खेती विषयको समुह गठन गरी सामुहिक प्रक्रिया द्वारा कृषि/पशुपंक्षी तथा मत्स्यपालन विकास कार्यक्रममा सहभागी हुन संलग्न विवरण बमोजिम समूह गठन गरेका छौ । समूह गठन र परिचालन बारेमा सुनछहरी गाउँपालिकाको नियमावली, मार्गदर्शन, कार्यविधि र प्रचलित कानून अनुसार कार्य गर्नेछों । समूह दर्ता गरी पाउँ भनी यो निवेदन पेश गर्दछों ।

निवेदक
समूह अध्यक्षको सहीः
समूह अध्यक्षको नामः
समुहको नामः
ठेगानाः
सम्पर्क फोन नं.
समूहको छापः
मितिः

**संलग्न कागजातहरूः**

१. समूहको पहिलो बैठकको निर्णयको प्रतिलिपि पानाः
२. समुहको दोश्रो बैठकको निर्णयको प्रतिलिपि पानाः
३. अनुसूची २ अनुसारको समूह सदस्यहरूको विवरण पानाः
४. अनुसूची ३ अनुसारको विधान पानाः
५. कार्य समितिका पदाधिकारीहरुको नागरिकता प्रतिलिपि पानाः
६. अन्य केही भए सोको विवरणः

## अनुसूची – २

**समूह सदस्यहरूको विवरण**

समूहमा रहेका सबै सदस्यहरूको विवरण सम्बन्धित सदस्यलाई नै सोधेर लेख्नु पर्दछ । विवरण हेरफेर भए पछि पुनः तयार गरि नियमित रूपले सच्याउनु पर्दछ ।

### क. कृषि समुह दर्ताको लागि समूह सदस्यहरूको विवरण

समूहको नामः ठेगानाः
गठन मितिः

| क्र. सं. | सदस्यहरूको नाम | पद | उमेर | जमिनको क्षेत्रफल | जमिनको किसिम (सिंचित/असिंचित) | महिला | पुरूष | जनजाती | दलित | मधेसी | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

### ख. पशु पंक्षी तथा मत्स्यपालन समुह दर्ताको लागि समूह सदस्यहरूको विवरण

समूहको नामः ठेगानाः
गठन मितिः

| क्र. सं. | सदस्यहरूको नाम | पद | उमेर | गाइ भैसी | भेडा बाख्रा | सुंगुर बंगुर | कुखुरा हांस | माछा | पुरूष | महिला | जन जाती | दलित | मधेसी | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

## अनुसूची – ३

### कृषक समूहको बिधान

### परिचय

नेपालजस्तो विकासोन्मुख मुलुकको लागि समूहको अवधारणा अत्यन्त महत्वपूर्ण छ । त्यसमा पनि कृषि विकासको सन्दर्भमा समूहले अझै अहम् भूमिका खेल्दछ । कृषकै कृषकले भरिएको हाम्रो देशमा सीमित जनशक्ति र स्रोत साधनबाट कृषक वर्ग बीच यथोचित सेवा पुर्याउन कठिन र बढी खर्चिलो पनि हुने हुँदा कृषक समूह सेवा प्रवाह गर्ने उपयुक्त माध्यम हुन सक्छ ।

यस सन्दर्भमा समूह गठन देखि लिएर संचालन र परिपक्क अवस्थामा नपुगेसम्म अत्यन्त सावधानी लिनुपर्ने हुन्छ। अलिकति समय बढी नै लगाएर समूहले मूर्तरुप पाउनु पर्दछ । समुह गठन भएपछि समूहभित्र योजना तर्जुमा, कार्यान्वयन, अनुगमन साथै बैठक सञ्चालन जस्ता कार्यहरु सही अर्थमा सञ्चालन गर्नुपर्दछ ।

### प्रस्तावना

कृषिजन्य/पशुपंक्षी तथा मत्स्यजन्य वस्तुको उत्पादन, उत्पादकत्व बढाउन, उत्पादन सामग्री सुलभ बनाउन उत्पादित सामग्रीको बिक्री वितरण, भण्डारण व्यवस्थापन गरी उन्नत पशुपंक्षी/माछा/बीउ एवं आयवृदि बचत संकलनबाट आत्मनिर्भर हुन को लागि सुनछहरी गाउँपालिकाको कृषि/पशुपंक्षी तथा मत्स्य विकास शाखाको सहयोगमा श्री.............................................................................. पालन/बाली/खेती कृषक समूह गठन गयौं ।

### १.प्रारम्भिक

#### १.१ संक्षिप्त नाम र प्रारम्भ

क) यस समूहको नाम श्री ...............................................................पालन/बाली/खेति कृषक समूह, २०७७ रहनेछ र ठेगाना सुनछहरी गाउपालिका .... नं. वडा ..............टोल रहनेछ ।

ख) यो समुहको विधान सम्बन्धित सुनछहरी गाउँपालिकाको कृषि/पशु सेवा शाखामा दर्ता भएपछि तुरून्त लागू हुनेछ ।

#### १.२ परिभाषाः

विषय प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा

**क)** "समुह" भन्नाले यस विधानमा उल्लेखित कृषि/पशुपंक्षी तथा मत्स्य विकास कार्य द्वारा कृषि/पशुपंक्षी तथा मत्स्यपालन उपजको उत्पादन, उत्पादकत्व बढाई आय आर्जन गर्न इच्छुक कृषकहरूको समूहलाई जनाउनेछ ।

**ख)** "सदस्य" भन्नाले कृषक जो श्री ........................................................... पालन/बाली/खेती कृषक समूहको उद्देश्य अनुसार उत्पादन र उत्पादकत्व वढाउन विधानको दफा ३ बमोजिम सदस्यता लिएको हुन्छ ।

ग) "कार्यसमिति" भन्नाले विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई जनाउनेछ ।

घ) "साधारणसभा" भन्नाले यस विधानको दफा ४ बमोजिम गठित सभालाई जनाउनेछ ।

ङ) "विधान" भन्नाले श्री ........................................................ पालन/बाली/खेती कृषक समूहको विधान २०.... लाइ जनाउनेछ ।

**१.३ समूहको लोगो र छापः**

गोलो घेराभित्र यस समूहको नाम श्री.............................................................. पालन/बाली/खेती कृषक समूह, २०...... पढ्न सकिनेछ ।

**१.४ समूहको कार्यालयः**

यस समूहको कार्यालय रोल्पा जिल्ला सुनछहरी गाउँपालिका .........नं. वडा ............................. टोलमामा रहनेछ ।

**१.५ समूहको दर्ताः**

कृषक समूह सुनछहरी गाउँपालिकाको कृषि/पशु सेवा शाखामा दर्ता गर्नुपर्नेछ। साथै अनिवार्य रुपमा आन्तरिक राजस्व कार्यालयमा समेत दर्ता गरी स्थायी लेखा नम्बर पान लिनुपर्नेछ।

**२ उद्देश्य र कार्यः**

**२.१ उद्देश्यः**

**क)** कृषि/पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई आधुनिकीकरण एवम् विविधिकरण गरी उत्पादकत्व, उत्पादन वृद्धिका लागि एक भई काम गर्ने ।

**ख)** सदस्यहरूको आर्थिक तथा सामाजिक जीवनस्तर उठाउने।

**ग)** सदस्यहरुमा स्वाबलम्बन ज्ञान, पारस्परिक सहयोग र मितव्ययिताको भावना विकास गर्ने

**२.२ कार्यहरु**

क) उन्नत प्रविधिबाट खेती/पालन गरी उत्पादन र उत्पादकत्व बढाउने ।

ख) कृषि/पशुपंक्षी तथा मत्स्यपालन उत्पादन बाट आय वृद्धि गर्ने।

ग) समूहबाट बजार व्यवस्थापन गर्ने तथा भण्डारण व्यवस्थापन गर्ने ।

घ) .......... खेती/बाली/नर्सरी/घाँसखेती/चरन क्षेत्रका लागि सिँचाइ सुविधा उपलब्ध गराउने ।

ङ) कृषि उपज/पशुपंक्षी तथा मत्स्यपालन उपजको उचित मूल्यमा खरिद बिक्री तथा ढुवानी गर्ने ।

च) कृषि उपज/पशुपंक्षी तथा मत्स्यपालन उपजको संकलन तथा भण्डारण गर्ने संकलन केन्द्र/गोदामको सुविधा उपलब्ध गराउने ।

छ) कृषि उपज/पशुपंक्षी तथा मत्स्यपालन उपजको प्रशोधन गर्ने

ज) प्रशोधित वस्तु उचित मूल्यमा बिक्रि तथा बजार व्यवस्थापन गर्ने ।

झ) आयस्रोत तथा हितकोष संकलन गर्ने ।

ञ) संकलित बचत हित कोषको प्रभावकारी परिचालन र व्यवस्थापन गर्ने ।

ट) समूह वा सदस्यलाई उचित व्याजदरमा आवश्यक ऋण उपलब्ध गराउने ।

**३. सदस्यताः**

एकै उद्देश्य एवं समान आर्थिक स्तर भएको एवं यस बिधानको परिधि भित्र रहने इच्छा व्यक्त गरेको व्यक्तिलाई यस समूहको सदस्यता प्रदान गर्न सकिनेछ । तर सदस्य हुन चाहने व्यक्तिले समूहका सदस्यहरूको लिखित सिफारिस साथ दरखास्त दिनु पर्नेछ ।

**३.१ सदस्यताको लागि योग्यताः**

क) आफै पशुपंक्षीपालन/माछापालन/खेतीपाती गरेको र गर्न सक्षम भएको ।

ख) समय उद्देश्य अनुरुप कार्य गर्न इच्छुक भएको ।

ग) समुहको विधान अनुसार कार्यक्रममा मन्जुरी भएको ।

घ) कृषक कृषक बीच आपसी सहयोग बढाउन इच्छुक भएको ।

ङ) सदस्यताको लागि सुनछहरी गाउँपालिका भित्र ठेगाना भएको कम्तीमा १८ वर्ष उमेर पूरा भएको नेपाली नागरिक ।

**३.२ साधारण सदस्यः**

सदस्यता शुल्क रु..................र प्रवेश शुल्क रु............जम्मा गरी साधारण सदस्यताको निवेदन दिई कार्यसमितिको निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्नेछ । यस्तो सदस्यले मासिक बचत रु.................. प्रत्येक महिना जम्मा गर्नुपर्नेछ । समूह गठन भइसकेपछि कुनैपनि योग्यता पुगेको व्यक्तिले समूहको सदस्यता लिन चाहेमा समूहमा आबद्ध प्रति सदस्य बराबर उक्त मिति सम्म संचितकोष हितकोष र सो को ब्याज साथै नियमानुसार अन्य शुल्क बुझाई सदस्यता प्राप्त गर्न सक्नेछन् ।

### ३.३ सदस्यता कायम नरहने अवस्था (सदस्यको अयोग्यता)

क) तोकेको मासिक बचत तथा अन्य तिर्नुपर्ने रकम अरु ३ महिना सम्म नतिरेमा ।

ख) विधानको उद्देश्य विपरीत कार्य गरेमा वा समूहको रकम वा कागजात हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्यसमितिबाट निष्कासन भएमा ।

ग) सदस्यताबाट राजीनामा दिएमा वा सदस्य रहन नचाहेर लिखित निवेदन दिएमा कार्यसमितिले सदस्यता खारेज गर्न सिफारिस गरेमा।

घ) अपराधिक कार्यमा संलग्न भएको दोषी प्रमाणित भएमा ।

ङ) कृषि पेशा त्यागी अन्य कार्य गर्न थालेमा वा मृत्यु भएमा ।

च) बसाइ सराइ गरी अन्यत्र गएमा ।

छ) समूहको सिद्धान्त वा नियम वा प्रतिष्ठामा आँच आउने गरी कार्य गरेमा ।

**४ साधारण सभा तथा कार्यसमितिः**

### ४.१ साधारणसभाः

यस समूहको सदस्यता प्राप्त गर्ने सम्पूर्ण सदस्य साधारण सभाको सदस्य हुनेछ जुन समूहको उच्चतम निकाय हुनेछ । यसले विधान पारित एवं संशोधन गर्न सक्नेछ । साधारणसभा बर्षमा एक पटक बस्नेछ । तर आवश्यकता अनुसार जुनसुकै बेला साधारण सभा बोलाउन सकिनेछ ।

### ४.२ साधारण सभाको अधिवेशनः

कार्यसमितिले तोकेको मिति र समयमा यस समूहको सचिवले अध्यक्षको परामर्श लिई लिखित सूचना द्वारा सम्पूर्ण सदस्यलाई १५ दिन अगावै साधारणसभाको स्थान मिति तथा एजेन्डाको जानकारी गराउनुपर्नेछ ।

### ४.३ साधारण सभाको काम कर्तव्य र अधिकारः

- कार्यसमितिको निर्वाचन गर्ने तथा गठन गर्ने ।
- दुइ तिहाइ बहुमत द्वारा विधान संशोधन गर्ने
- बार्षिक बजेटको अनुमोदन गर्ने ।
- समूहको वार्षिक कार्ययोजना बनाउने तथा वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।
- समूहको कार्य योजना बनाउँदा कम्तीमा ५० प्रतिशत कृषि/पशुपंक्षी तथा मत्स्यपालन कार्यक्रम बनाउने ।
- कार्यसमिति द्वारा नियुक्ति गरिएको लेखापरिक्षकको अनुमोदन गर्ने साथै कार्यसमितिबाट भए गरेका अन्य कार्य/निर्णयहरुको अनुमोदन गर्ने ।

**४.४ साधारण सभाको गणपूरक संख्याः**

समूहको साधारण सभाको बैठकमा कम्तीमा पनि ५१ % सदस्यहरूको उपस्थिति हुनुपर्नेछ । यदि सो नभए फेरि ७ दिनभित्र अर्को सभा बोलाउनु पर्नेछ । यसमा कुल साधारण सदस्य को २५ % उपस्थिति भएमा पनि यो सभाको बैठक बस्नेछ ।

**४.५ कार्यसमिति गठन विधिः**

- कार्यसमिति ७ सदस्यीय हुनेछ ।
- कार्यसमितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरु रहने छन् । आवश्यकता अनुसार उपाध्यक्ष तथा सहसचिवको पनि व्यवस्था गर्न सकिनेछ । समूह गठन हुँदाको बखतको कार्य समिति अनुसूची ४ बमोजिम हुनेछ ।

- कार्यसमितिका पदाधिकारीहरूको बैठक हरेक महिनाको.............. गते हुनेछ । तर आवश्यकता भए जुनसुकै समयमा पनि बस्न सक्नेछ ।

- कार्यसमितिको पदाधिकारीहरूको कार्यअवधि ३ वर्षको रहनेछ ।

- कार्यसमितिको कुनै पद खाली भएमा साधारण सदस्य मध्येबाट कसैलाई पनि कार्यसमितिको पदमा समितिको बहुमत बाट बांकी अवधिको लागि मनोनित गर्न सकिनेछ ।

- कार्यसमितिको कोरम २/३ लाई मानिने छ तथा निर्णय बहुमतद्वारा हुनेछ ।
- साधारण सभाका सदस्यहरूको आफूमध्येबाट निर्वाचन प्रक्रियाद्वारा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा अन्य पदाधिकारीहरु को चयन गरी कार्यसमिति गठन गर्नेछ। तर अध्यक्ष सचिव, कोषाध्यक्ष मध्ये एक पदमा महिला सदस्य अनिवार्य रुपमा हुनु पर्नेछ ।

**४.६ कार्यसमितिको काम कर्तव्य र अधिकारः**
- विधानको परिधि भित्र रही समूहको उद्देश्य अनुरुप साधारणसभाले गरेको नीति निर्देशनलाई पालन गर्ने ।
- समूहको वार्षिक कार्यक्रम बनाउने तथा समूहको क्रियाकलापहरु संचालन गर्ने ।
- सहकारीमा जाने प्रयास गर्ने तथा समूहको कार्ययोजना बनाई लागू गर्ने ।
- समूहको वार्षिक प्रतिवेदन बनाउने र प्रस्तुत गर्ने ।

**४.७ समूहको बैठकः**

समूहको नियमित बैठक प्रत्येक महिनाको...................... गते बस्नेछ । समूह बैठकहरु कार्यसमितिले निधो गरेको ठाउँ, मिति र समयमा नियमित रुपमा बस्नेछ । पूर्वनिर्धारित बैठकमा सदस्यले भाग लिन नसक्ने भएमा सोको

जानकारी कारणसहित पहिले नै दिनुपर्नेछ। विशेष उपस्थिति बाहेक लगातार ३ वटा बैठकहरूमा उपस्थित नहुने सदस्यलाई समूहको निर्णयको आधारमा निष्कासित गरिनेछ ।

**५. पदाधिकारीको काम कर्तव्य र अधिकारः**

**५.१ अध्यक्षको काम कर्तव्य र अधिकारः**

- समुहको नेतृत्व गर्ने ।
- आवश्यकता अनुसार समूहको बैठक तथा साधारण सभा बोलाउने ।
- समूहलाई क्रियाशील गराउने तथा समयमा उठेका विवादहरुको समाधान गर्ने ।
- कुनै विषयमा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।
- समूह र स्थानीय तहको सम्बन्धित निकायहरुसँग सम्पर्क व्यक्तिको रुपमा काम गर्ने ।
- समूहको बैठकमा भएका निर्णय, बार्षिक साधारण सभाका निर्णय, वार्षिक प्रगति प्रतिवेदन लगायतका कार्यहरु आवश्यकता अनुसार सम्बन्धित निकायमा पेश गर्ने ।
- समूह सदस्यहरुलाई आफ्ना समस्याको पहिचान र तिनको प्राथमिकता तोक्न, सघाउनुका साथै उक्त समस्याहरु समाधान गर्न कार्यक्रम बनाउन र कार्यान्वयन गर्न लगाउने ।
- सदस्यहरुलाई क्रियाशील गराई समन्वय र सहकार्य गर्ने ।
- समुहका सदस्यहरु बीच मतभेद व्यवस्थापनका लागि सहजीकरण गर्ने ।
- साधारण सभाका निर्णयहरु कार्यान्वयन र संचालन गर्ने ।

**५.२ उपाध्यक्षको काम कर्तव्य र अधिकारः**

- अध्यक्षको कार्यमा सहयोग गर्ने तथा कार्य समितिले तोकेको कार्य गर्ने ।
- अध्यक्षको अनुपस्थितिमा अध्यक्षता ग्रहण गर्ने तथा सबै कार्य गर्ने ।

**५.३ सचिवको काम कर्तव्य र अधिकारः**

- अध्यक्षसँगको परामर्शमा बैठक बोलाउने तथा बैठकको तयारी गर्ने ।
- समुहको निर्णय पुस्तिका तयार गर्ने तथा सम्पूर्ण कागजातहरु सुरक्षित राख्ने ।
- समूह बैठक एवम् साधारणसभाबाट पारित निर्णयको कार्यान्वयनका लागि पहल गर्ने ।
- वार्षिक प्रतिवेदन तयार गरी साधारण सभामा पेश गर्ने ।
- कार्यसमितिका सम्पुर्ण पदाधिकारी तथा सम्पुर्ण सदस्यहरु संग सुचनाका लागि सम्पर्कमा रही रहने ।

**५.४ कार्यसमितिको सदस्यहरूको काम कर्तव्य र अधिकारः**

- आवश्यकताअनुसार समूहका अन्य उपसमितिमा रही जिम्मेवारी वहन गर्ने ।
- साधारण सभा वा कार्यसमितिले तोकेका अन्य कार्य गर्ने ।

**६. आर्थिक व्यवस्थाः**

**६.१ आर्थिक स्रोतः**

- यस समूहको सदस्यहरुबाट प्राप्त सदस्यता तथा प्रवेश शुल्क र सदस्यले बचत गर्ने मासिक रकम ।
- समूहको अन्य क्रियाकलापबाट भएको आम्दानी तथा ऋण लगानी गर्दा प्राप्त ब्याज रकम।
- समूहले अन्य संघसंस्थाबाट पाएको अवसरबाट समूह सदस्यले पाउने निश्चित पारिश्रमिकबाट..........प्रतिशत लेबी ।
- समूह सदस्यले आफ्नो नामबाट गरेको बचत तथा अन्य बिलम्ब शुल्क ।
- कार्यक्रम संचालन वापतको समुहलाइ प्राप्त हुने ओभरहेड खर्च।
- भैलो दान रकमहरु।

**६.२ हितकोषः**

- श्री.............................. पालन/बाली/खेती कृषक समूहको एक हितकोष हुनेछ।
- श्री.................................... बैङ्कमा समूहको नाममा खाता रहनेछ।

**६.३ हितकोष परिचालनः**

- हितकोष रकमको कम्तीमा ५० प्रतिशत कृषि कार्यमा सञ्चालन गरिनेछ ।
- सदस्यलाई आवश्यकता भएमा हित कोषबाट ऋण सापटी लिन सक्नेछन् ।
- सदस्यले ऋण माग गर्न निवेदन दिनुपर्नेछ।
- कृषि कार्यको लागि लिएको ऋणमा.................... प्रतिशत मासिक ब्याज लाग्नेछ ।
- अन्य ऋणमा......................... प्रतिशत मासिक ब्याज लाग्नेछ ।
- मासिक ब्याज, मासिक बचत रकम एवं ऋणी सदस्यले तोकिए बमोजिम ऋण किस्ता प्रत्येक महिनामा बुझाउनुपर्नेछ ।
- ऋण लिँदा ऋण रकमका.................. प्रतिशत सेवा शुल्क बुझाउनुपर्नेछ ।
- ......................... बैङ्कमा समूहको अध्यक्ष, कोषाध्यक्ष अनिवार्य र समुहले आवश्यक ठानेमा थप एकजना सदस्य सहित ३ जनाको संयुक्त दस्तखत बाट खाता सञ्चालन हुनेछ ।

**६.३.१ स्रोत हितकोष परिचालनका उपायहरूलाई मुख्यतः दुइ वर्ग ( आवश्यक खर्च र आन्तरिक लगानी) मा विभाजन गर्न सकिन्छ।**

क) **आवश्यक खर्चः** आवश्यक खर्च भन्नाले कार्यालय र प्रशासनिक खर्च जनाउनेछ जस्तैः

- कार्यालय खर्च ( लेटर प्याड छाप स्ट्याम प्याड कापी कलम बिल भौचर फाइल रजिष्टर खाता पत्रपत्रिका)
- लेखापरीक्षण खर्च, furnature खर्च साधारणसभा कर ढुवानी तथा घरभाडा)
- कर्मचारी पारिश्रमिक खर्च तथा विविध ( समूहको बैठकमा चियानास्ता आदि)

**ख) आन्तरिक लगानीः** आन्तरिक लगानी भन्नाले समूहबीचको सदस्यको लगानी जनाउँदछ
जस्तैः

- उत्पादनमूलक कार्य( उत्पादन तथा उत्पादन सामग्री खरिद बिक्री)
- आयमूलक कार्य गर्नमा तथा सिप बिकास जस्तै प्याकिङ,नर्सरी तालिम,
- मल बीउ बाली संरक्षण तरकारी बोटबिरुवा किटनाशक प्रयोग गर्न,
- घरेलु आयमुलक कार्य गर्ने( स्थानीय सीप, रेशम पालन, सिलाइ, बुनाई, माहुरी पालन, तरकारी खेती, करेसाबारी गाइ/भैंसीपालन भेडाबाख्रा/बंगुरपालन कुखुरा/हांसपालन माछापालन घांस/डालेघांस खेति /मासु पसल /डेरी पसल /फ्रेस् हाउस संचालन/एग्रोभेट संचालन आदि)
- सामाजिक कार्य जस्तै सफाइ अभियान, पहिरो नियन्त्रण, वृक्षारोपन, कुलो निर्माण, स्वास्थ्य, वातावरण संरक्षण, महिला विकास आदि)

**६.४ बिलम्ब शुल्कः**

- मासिक बचत रकम तोकेको समयमा नतिरेमा पहिलो महिना प्रति दिन रु.............. बिलम्ब शुल्क लाग्नेछ ।
- दोस्रो महिनापछि प्रति दिन रु............. बिलम्ब शुल्क लाग्नेछ ।
- तेस्रो महिनापछि प्रति दिन रू.................. बिलम्ब शुल्क लाग्नेछ ।
- चौथो महिनामा सदस्यता खारेज हुनेछ ।
- प्रत्येक महिना बुझाउनुपर्ने ऋण, किस्ता, ब्याज नबुझाएमा प्रतिमहिना रु .............. प्रतिदिन दोस्रो महिना रु..................प्रतिदिन र तेस्रो महिना रु................ प्रतिदिन बिलम्ब शुल्क लाग्नेछ ।
- चौथो महिना ऋण रकम ब्याजहरू ऋणी र जमानी सदस्यहरुबाट असुल उपर गरिनेछ ।
- एक सदस्य जमानी बसेको सदस्यले अर्को पुनः जमानी बस्न पाउने छैन ।
- जमानी सदस्यले ऋण पाउने छैन तर सदस्यले ऋण तिरि सकेपछि जमानी सदस्यले ऋण पाउन सक्नेछ ।
- ऋण लिएको सदस्यले अरु सदस्यको जमानी बस्न पाउने छैन ।

**६.५ लगानीको सुरक्षाः**

कुनै पनि ब्यक्तिले आफ्नो नाममा जम्मा भएको हित कोषको अधिकतम ९० प्रतिशतसम्म मात्र ऋण लिन पाउनेछ ।
यदि व्यक्तिको नाममा संकलित कोषको ९० प्रतिशतभन्दा बढी ऋण लिनुपर्ने भएमा सोही समूहका अन्य दुईजना सदस्य को सामुहिक जमानीमा ऋण दिन सकिनेछ । ऋण लिने व्यक्तिले तिर्नुपर्ने सावा र व्याज रकम नतिरेको/ तिर्न नसकेको खण्डमा जमानी पछिका सदस्य मार्फत असुल उपर गरिनेछ। यदि जमानी मार्फत पनि असुल उपर हुन नसकेको अवस्थामा नेपाल सरकारको प्रचलित नियमानुसार कारबाही प्रक्रिया अगाडि बढाइने छ । ऋण लगानी एवं असुल उपर गर्न ऋण उपसमितिको स्वीकृति लिनुपर्नेछ । ऋण उप समितिका सदस्यहरु कसैको पनि जमानी बस्न पाइने छैन।

**६.६ लेखापरीक्षणः**

प्रत्येक कृषक समूहले registered लेखापरिक्षक बाट लेखापरीक्षण अनिवार्य रुपमा गराउनु पर्दछ । यसरी गरिएका लेखापरीक्षणहरु बार्षिक साधारण सभाको पूर्ण बहुमतबाट अनुमोदन गर्नु पर्दछ । मुनाफा सम्पूर्ण सदस्यलाई प्रत्येक वर्षको लेखापरीक्षण पछि निजहरूको हिसाब खातामा जम्मा गर्नु पर्दछ ।

**७ विविधः**

**७.१ निर्वाचन सम्बन्धी व्यवस्थाः**

यस समूहको कार्य समिति कायम रहेको अवस्थामा सोही कार्यसमितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सदस्यहरूको बैठकले निर्वाचन अधिकृत नियुक्त गर्नेछ । सो निर्वाचन अधिकृतले निर्वाचन अधिकृतमा नियुक्ति भएको मितिले एक महिनाभित्र निर्वाचन गराई सक्नु पर्नेछ । सो निर्वाचनमा पर्ने खर्च कार्यसमितिले व्यवस्था गर्नेछ । यसमा कार्यसमितिको पदाधिकारीहरुलाई मतदान वा सहमतिद्वारा साधारणसभाको सदस्यले छान्ने छन् ।

**७.२ पदावधिः**

**क)** कार्यसमिति सदस्य तथा पदाधिकारीहरु को पदावधि निर्वाचित भएको मितिले तिन वर्षको हुनेछ ।

**ख)** सो गठित कार्य समितिको पदावधि समाप्त हुन एक महिना अगावै समूहको साधारण सभा बोलाई नयाँ कार्यसमितिको चुनाव गराउन अनिवार्य हुनेछ ।

**ग)** कार्यसमितिले विधानमा उल्लेखित आफ्नो कार्यकाल समाप्त हुन एक महिना अगावै निर्वाचन गराउन नसकेको तथा निजको कार्य अवधि समाप्त भएपछि सो कार्य समिति सदस्यहरूको समितिले आफ्नो समितिको बैठक बोलाई एउटा तदर्थ ( प्रबन्ध वा तयारी) समिति खडा गरी सो तदर्थ समितिद्वारा साधारणसभाको बैठक बोलाई नयाँ कार्यसमितिको गठन गर्नेछ ।

**घ)** कार्य समितिको पदावधि समाप्त हुनुअगावै कार्यरत कार्यसमिति कुनै किसिमबाट भङ्ग हुन गएमा भङ्ग भएको कार्यसमितिले आफ्नो जिम्मामा रहेको कागजपत्र नगद जिन्सी कार्यभार समेत सम्पूर्ण सदस्य को सभा बोलाई अथवा कार्यालय सचिव भए सोलाई बुझाइ भरपाई लिनुपर्नेछ। सो नगरीएमा यस समूहलाई हानिनोक्सानी भएमा सो कार्य समितिका अध्यक्ष र सचिव दुवैले संयुक्त रुपमा व्यहोर्नुपर्नेछ ।

**७.३ उम्मेदवारको अयोग्यताः**

क) कृषि पेशामा संलग्न नभएको व्यक्ति ।
ख) समूहको उद्देश्य विपरित कार्य गर्ने ब्यक्ति ।
ग) मानसिक अवस्था ठिक नभएको व्यक्ति ।
घ) फोजदारी अभियोगमा सजाय पाएको व्यक्ति ।
ङ) सुनछहरी गाउँपालिका भित्र स्थायी ठेगाना नभएको व्यक्ति ।

**७.४ अविश्वासको प्रस्तावः**

साधारणसभाको सदस्यहरु मध्येबाट एकतिहाइ सदस्यहरूको कार्यसमिति उपर अविश्वासको प्रस्ताव ल्याई दुईतिहाई सदस्यहरुबाट सो प्रस्ताव पारित भएमा कार्यसमिति विघटन हुनेछ । तर अविश्वासको प्रस्ताव आएमा सफाइको मौकाबाट वञ्चित गरिने छैन ।

**७.५ राजीनामाः**

यस समूहको अध्यक्षले उपाध्यक्ष भए निज समक्ष वा सचिव समक्ष र अध्यक्ष बाहेक अन्य कार्यसमितिका पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिन सक्नेछन् । कार्यसमितिको बैठकबाट स्वीकृत नभएसम्म तिनीहरू आफू पदमा बहाली रहिरहनेछन ।

**७.६ विधान संशोधनः**

समुहको विधान संशोधन गर्न आवश्यकता पर्न आएमा साधारणसभाको सदस्यहरु मध्येबाट कम्तिमा ५१% सदस्यको उपस्थितिमा विधान मस्यौदा पेश गरिनेछ । सदस्यहरुमध्येका उपस्थित सदस्यहरु मध्येका दुईतिहाइ बहुमतबाट विधान संशोधन मस्यौदा पारित भएमा विधान संशोधन गरिनेछ । साथै संसोधित बिधान स्थानीय निकायको कृषि/पशु सेवा शाखाबाट अनुमोदित नभएसम्म संशोधन भएको मानिने छैन ।

**७.७ नियम बनाउनेः**

साधारणसभाले आन्तरिक सञ्चालन नियमहरू बनाउन सक्नेछ ।

**७.८ उपसमितिहरु गठन गर्नेः**

साधारणसभाले एवं कार्यसमितिले साधारण सभाको स्वीकृति लिई आफ्ना कार्यक्रमहरु संचालन गरि समूहको लक्ष्य उद्देश्य प्राप्त गर्न उपसमितिहरु गठन गर्न सक्नेछन् ।

**७.९ विघटनः**

समुहको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा उद्देश्य प्राप्त गर्न असफल भए वा दुई वर्षसम्म समूह नविकरण नभएमा समूह विघटन हुनेछ यसरी समूह विभाजन भएपश्चात बचत रकम सम्पूर्ण सदस्यलाई फिर्ता गर्नुपर्नेछ र समुहको सम्पुर्ण जायजेथा गाउपालिकामा बुझाउनु पर्नेछ।

**७.१० समूह छोड्नुपर्ने अवस्था/ सदस्य को मृत्यु/ सदस्यले पाएको अवसरः**

कुनै पनि सदस्यले समूह छोड्न चाहेको खण्डमा निजको नाममा संकलन भएको हितकोष रकमबाट ३ % कट्टी गरी बाँकी रकम भुक्तानी दिइनेछ । यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सम्पूर्ण रकम निजको सबभन्दा नजिकको आफन्तलाई समूहले दिने ब्याज सहित फिर्ता दिइने छ । समूहले कुनैपनि सङ्घसंस्था कार्यालयबाट पाएको कुनै पनि अवसर सामग्रीहरु आवश्यकता हेरी समूहको बैठकबाट निर्णय गराई पालैपालो गरी सबै सदस्यले पाउने गरी वितरण गरिनेछ ।

**७.११ समूहको चलअचल सम्पत्तिः**

समूह विघटन भए पश्चात समूहको चलअचल सम्पत्ति कृषि/पशु सेवा शाखाको निर्णय बमोजिम हुनेछ । उक्त निर्णय चित्त नबुझेको खण्डमा सुनछहरी गाउँपालिकाको उपाध्यक्ष समक्ष निवेदन दिन सक्नेछन् र सो सन्दर्भमा उपाध्यक्षको निर्णय नै अन्तिम हुनेछ ।

## अनुसूची – ४
## समूह कार्य समितिको विवरण

समूहमा रहेका सदस्यहरूमध्येबाट निम्न बमोजिमको कार्य समिति छनोट गरिएको छ ।

समूहको नामः ठेगानाः

| क्र. सं. | पदाधिकारीहरूको नाम | पद | उमेर | ठेगाना | शैक्षिक योग्यता | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |

## अनुसुचि ५
## दफा ११ संग सम्बन्धित

**समुह दर्ता अभिलेख राख्ने रजिष्टर**

समुह दर्ता नं.            समुहको नामः            ठेगानाः

समुहको किसिमः...................... पालन/बाली/खेती

| सि.नं. | दर्ता/ नविकरण मिति | नविकरण अवधि | | समुह अध्यक्षको नाम | सम्पर्क नं. | समुह सदस्य संख्या | | | | | | समुह हितकोष रकम | छाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | म | पु | दलित | जनजाती | अन्य | जम्मा | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**अनुसुचि ५**
**दफा ११ संग सम्बन्धित**
सुनछहरी गाउपालिका
**गाउँकार्यपालिकाको कार्यालय**
(कृषि/पशु सेवा शाखा)
**पोबाङ, रोल्पा**

समूहको छाप

समुह दर्ता नं.
मितिः

# कृषक समुह दर्ता प्रमाण-पत्र

**समुह पद्धतिलाइ सुव्यवस्थित गर्दै कृषि/पशु सेवा प्रसार कार्यलाई टेवा पुर्याउने उद्देश्यले यस रोल्पा जिल्ला सुनछहरी गाउपालिका.......... नं. वडा.........................मा मिति.......................... गतेका दिन गठित श्री ........................................................................ कृषक समुहलाइ यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।**

**तयार गर्नेको**
**सहीः**
**नामः**
**पदः**
**मितिः**

**प्रमाणित गर्नेको**
**सहीः**
**नामः**
**पदः**
**मितिः**

**<u>समुह नविकरण सम्बन्धमा</u>**

**समुहको नाम श्री...........................................................................ठेगाना ....................................................**

| नविकरण भएको मिति | नविकरण भएको अवधि | | प्रमाणित गर्नेको सही | छाप |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |